कर्णाली प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## सेवा करारमा लिने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०७७/०६/०८)

सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश मातहतका अस्पताल तथा कार्यालयहरुको लागि स्वास्थ्य सेवाका देहाय बमोजिमका पदहरुमा प्राविधिक कर्मचारी लोक सेवा आयोगद्वारा पदपुर्ति नहुन्जेलसम्म वा नेपाल सरकारद्वारा स्थायी कर्मचारी सरुवा पदपुर्ती नभएसम्म सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र (२०७७ असोज २९) दिनको ५:०० बजेसम्म दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | समूह/ उपसमूह | माग पद संख्या |
|---|---|---|---|---|---|
| १. | १/ ०७७-७८ | कन्सल्टेन्ट | नवौं तह | अब्स्ट्रेटिक्स, एनेस्थेसिया, जनरल मेडिसिन, जनरल सर्जरी, प्याडियाट्रिक्स, फरेन्सिक मेडिसन, प्याथोलोजि, डूमाटोलोजि, इ.एन.टी, अर्थोपेडिक्स,कम्युनिटी मेडिसिन | १२ (बाह) |
| २. | २/ ०७७-७८ | मेडिकल अधिकृत | आठौं तह | जनरल हेल्थ सर्भिसेज | 2८ (अट्ठाईस) |
| ३. | ३/ ०७७-७८ | आयुर्वेद चिकित्सक | आठौं तह | आयुर्वेद/ जनरल आयुर्वेद | ४ (चार) |
| ४. | ४/ ०७७-७८ | जनस्वास्थ्य अधिकृत | सातौं तह | हे.ई. | ६ (छ ) |
| ५. | ५/ ०७७-७८ | कम्यूनिटी नर्सिङ अधिकृत | सातौं तह | कम्युनिटी | १ (एक) |
| ६. | ६/ ०७७-७८ | फार्मेसी अधिकृत | सातौं तह | फार्मेसी | १ (एक) |
| ७. | ७/ ०७७-७८ | नर्सिङ अधिकृत | सातौं तह | जनरल नर्सिङ | १० (दश) |
| ८. | ८/ ०७७-७८ | मेडिकल ल्याव टेक्नोलोजिष्ट | सातौं तह | मे.ल्या.टे. | ३ (तीन) |
| ९. | ९/ ०७७-७८ | फिजियोथेरापीष्ट | सातौं तह | फिजियोथेरापी | १ (एक) |
| १०. | १०/ ०७७-७८ | बायोमेडिकल इन्जिनियर | सातौ तह | विविध | १ (एक) |
| ११. | ११/ ०७७-७८ | हेल्थ असिष्टेन्ट | पाँचौ तह | हे.ई. | १० (दश) |
| १२. | १२/ ०७७-७८ | रेडियोग्राफर | पाँचौ तह | रेडियोग्राफी | ६ (छ ) |
| १३. | १३/ ०७७-७८ | ल्याव टेक्निसियन | पाँचौ तह | ज मे.ल्या.टे. | १२ (बाह) |
| १४. | १४/०७७-७८ | फार्मेसी सहायक | पाँचौ तह | फार्मेसी | ६ (छ ) |
| १५. | १५/०७७-७८ | स्टाफ नर्स | पाँचौ तह | जनरल नर्सिङ | ७६ (छहत्तर) |
| १६. | १६/०७७-७८ | कविराज | पाँचौ तह | आयुर्वेद | २ (दुई) |
| | | | | जम्मा | १७९ (एक सय उनानअसी) |

**१. योग्यता:**

**क.** नेपाली नागरिक हुनुपर्नेछ ।

**ख.** न्यूनतम योग्यता: माथि उल्लेखित पदहरुमा उम्मेदवार हुन नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था वा विश्वविद्यालयबाट सम्बन्धित विषयमा नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को अनुसूची ६ बमोजिम सम्बन्धित समूह तथा उपसमूहमा रहने पदहरुको लागि तोकिएको योग्यता पुरा गरेको हुनुपर्नेछ । कम्युनिटी मेडिसिनको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धि विषयमा एम.डि. वा सो सरहको उपाधि प्राप्त (विदेशी शिक्षण संस्थाको हकमा समकक्षता प्रमाणपत्र आवश्यक पर्ने)

**ग.** सम्बन्धित क्षेत्रमा अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ । **घ.** उमेर हद: अधिकृत स्तरका लागि २१ वर्ष र सहायक स्तरको लागि १८ पुरा भएको।

**ङ.** सम्बन्धित व्यवसायिक परिषदमा दर्ता तथा नवीकरण समेत भएको हुनुपर्नेछ । **च.** प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनुपर्नेछ ।

**२. दरखास्त दिने विधि:** योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यस मन्त्रालयको स्वास्थ्य सेवा महाशाखामा दरखास्त फाराम भरेको फाइल पेश गर्नुपर्नेछ । दरखास्त फाइल कार्यालयमा बुझाउन नसक्ने उम्मेदवारले **healthdivision.mosdkarnali@gmail.com** इमेल ठेगाना मार्फत आवश्यक कागजात सहित दरखास्त पेश गर्न सक्नेछ । दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्टसम्म दरखास्त दिन सकिनेछ । दरखास्त फाराम यस मन्त्रालयको वेबसाइट **http://mosd.karnali.gov.np/** बाट प्राप्त गर्न सकिनेछ । सामाजिक विकास मन्त्रालयको कार्यालय कोड ३५०००६८०१६, राजश्व शीर्षक नं. १४२२९ मा दाखिला गर्नुपर्नेछ । दरखास्त दस्तुर नवौं र आठौं तह चिकित्सकको हकमा प्रति विज्ञापन रु.१,०००/- (एक हजार मात्र) तथा सातौ र पाँचौ तहको हकमा रु. २०० (दुई सय मात्र) को बैङ्क भौचर जम्मा गरी दरखास्त फाराम संलग्न राखी पेश गर्नुपर्नेछ ।

**३. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरू:** दरखास्त फारम भरी फाराममा तोकिएको स्थानमा पासपोर्ट साइजको फोटो (३ प्रति) टाँसी उम्मेदवारको व्यक्तिगत विवरण, एसएलसीदेखि न्यूनतम शैक्षिक योग्यतासम्मका सबै प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि साथ दरखास्त पेश गर्नुपर्नेछ । उम्मेदवारले सबै कागजातमा सक्कल बमोजिम नक्कल ठीक भएको प्रमाणित गरेको हुनुपर्नेछ । इमेल मार्फत दरखास्त दिने उम्मेदवारले बैङ्क भौचर तथा आवश्यक कागजात स्क्यान गरी पठाउनुपर्नेछ ।

**४. छनौट प्रक्रिया:** कर्णाली प्रदेशद्वारा स्वीकृत प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने कार्यविधि, २०७६(संशोधित) अनुरुप हुनेछ ।

**५. सेवा सुविधा:** छनौट भएका चिकित्सकहरूका हकमा कर्णाली प्रदेशभरी जुनसुकै अस्पतालमा पनि खटाउन सकिनेछ । पारिश्रमिक तथा सेवाका शर्तहरू प्रदेश सरकारको नियम अनुसार हुनेछ ।

६. अन्तर्वार्ताको मिति यस मन्त्रालयको वेबसाइट **http://mosd.karnali.gov.np/** मा सार्वजनिक गरिनेछ ।

७. लोक सेवा आयोगबाट पदपूर्तिका लागि सिफारिस भई आएमा वा नेपाल सरकारले स्थायी कर्मचारी सरुवा गरी पदपूर्ति गर्नुपर्ने भएमा पछिल्लो योग्यता क्रममा रहेकाहरुलाई हटाइ पदपूर्ति गरिनेछ ।